कालीगण्डकी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
विर्घा, स्याङ्जा

आ.व. २०८०/८१ को

# प्रथम चौमासिक प्रतिवेदन

२०८० श्रावण देखि कार्तिक मसान्तसम्म

कालीगण्डकी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय बिर्घा स्याङ्जाको आ.व. २०८०/८१ को प्रथम चौमासिक, २०८० कार्तिक ३० गतेसम्म सम्पादन गरेका सेवा प्रवाह तथा विकासात्मक कामहरुको भौतिक तथा वित्तीय प्रगती संक्षिप्त विवरण

## शुसासन तथा संस्थागत विकासका क्षेत्रमा हासिल गरेका उपलब्धीहरु

- हरेक दिन विहान ठीक १० बजे कार्यालय प्राङ्गणमा कर्मचारी र जनप्रतिनिधीहरु राष्ट्रिय गान र पालिका गान बजे पश्चात कार्यालयको दैनिक कामकाजको सुरु गर्ने कार्यको थालनी भएकोछ।
- कार्यालयले प्रकाशन गरेका सूचना तथा सञ्चालन गरेका कार्यक्रमको जानकारी वेवसाईट र फेसबुक मार्फत निरन्तर अद्यावधिक गरिएकोछ।
- वार्षिक कार्ययोजना निर्माण गरी सोही बमोजिम काम गरिएको, कार्यपालिकाको बैठक प्रत्येक महिनाको ५ गते नियमित रुपमा र थप आवश्यकता बमोजिम बस्ने गरिएकोछ ।
- विभिन्न ऐन, कानुन र कार्यविधी बमोजिम आयोजना गर्नुपर्ने कार्यक्रम र वैठक समय सीमा भित्रै गरिएकोछ।
- २०८० साउन देखि कार्तिक मसान्तसम्म ४ वटा कार्यविधीहरु निर्माण गरीएकोछ।
- आ.व. २०७९/८० को आर्थिक कारोबारको महालेखा परीक्षकको कार्यालयबाट अन्तिम लेखा परीक्षण गराईएकोछ । प्रारम्भिक प्रतिवेदनले औंल्याएको असुल उपर गर्नुपर्ने बेरुजु मध्ये रु. २० लाख असुल तथा प्रमाण पेश गरी लगत कट्टीको लागि सिफारिस गरिएकोछ र असुल बाँकी बेरुजुको लागि सम्बन्धितलाई ताकेता गरिएकोछ ।
- गाउँपालिकाका तथा वडा कार्यालयहरुबाट प्रथम चौमासिकमा संकलन भएको राजश्वको विवरण निम्नबमोजिम छ।

| **कार्यालय** | **संकलन भएको रकम** |
|---|---|
| गाउँपालिकाको कार्यालय | ६३४५२६ |
| वडा नं १ को कार्यालय | ३०१५२८ |
| वडा नं २ को कार्यालय | १५६४११ |

| | |
|---|---:|
| वडा नं ३ को कार्यालय | २७३९८७ |
| वडा नं ४ को कार्यालय | १८१२३९ |
| वडा नं ५ को कार्यालय | १९४७१० |
| वडा नं ६ को कार्यालय | २५८८४५ |
| वडा नं ७ को कार्यालय | २८८१९४ |
| जम्मा | **२२८९४४०** |

- प्रथम त्रैमासिकमा ३१८२ जना लाभग्राहीको रु ३,१४,०२,४८८/- निकासा गरी सम्बन्धित लाभग्राहीको बैंक खाता मार्फत सामाजिक सुरक्षा भत्ता भुक्तानी गरिएको छ।
- गाउँपालिका अन्तर्गतका सात वटा वडा कार्यालयहरुबाट प्रदान गरेका सेवाहरु

| **प्रदान गरिएको सेवा** | **लाभग्राही** |
|---|---:|
| नागरिकता सिफारिस संख्या | २७६ |
| घरबाटो सिफारिस संख्या | ७९ |
| नाता प्रमाणित संख्या | २४८ |
| जन्मदर्ता संख्या | २८९ |
| मृत्युदर्ता संख्या | १३२ |
| बसाईसराईको संख्या | ३७ |
| अन्य सिफारिस संख्या | २६४८ |
| योजना सम्झौता संख्या | १५२ |
| योजना भुक्तानी सिफारिस | ७१ |

# वित्तिय विवरण

### आर्थिक वर्ष २०८०/०८१ को प्रथम चौमासिक आय विवरण

| क्र.सं. | स्रोत | वार्षिक अनुमानित आय | कुल आम्दानी | आम्दानी प्रतिशत |
|---|---|---|---|---|
| १ | नेपाल सरकार - समानिकरण अनुदान | ९६५०००००।०० | २४१२५०००।०० | २५।०० |
| २ | नेपाल सरकार - शसर्त अनुदान चालु | २०६२००००००।०० | ६८७६४५००।०० | ३३।३५ |
| ३ | नेपाल सरकार - शसर्त अनुदान पुँजीगत | १०९०००००।०० | २७३०६००।०० | २५।०५ |
| ४ | नेपाल सरकार - विषेश अनुदान चालु | १००००००००।०० | ०.०० | ०।०० |
| ५ | नेपाल सरकार - विषेश अनुदान पुँजीगत | ५००००००।०० | ०.०० | ०।०० |
| ६ | नेपाल सरकार - समपुरक अनुदान पुँजीगत | २५००००००।०० | ०.०० | ०।०० |
| ७ | गण्डकी प्रदेश - समानिकरण अनुदान | १२२३८०००।०० | ३०५९५००।०० | २५।०० |
| ८ | गण्डकी प्रदेश - विषेश अनुदान पुँजीगत | ५००००००।०० | २५०००००।०० | ५०।०० |
| ९ | गण्डकी प्रदेश - समपुरक अनुदान पुँजीगत | ६००००००।०० | ३००००००।०० | ५०।०० |
| १० | राजस्व बाँडफाँड - प्रदेश सरकार | ५८२७०००।०० | १३३०३०४।६० | २२।८३ |
| ११ | राजस्व बाँडफाँड - संघीय सरकार | १२७६१३६००।०० | १४५९६२६७५१ | ११।४४ |
| १२ | आन्तरिक श्रोत - आन्तरिक श्रोत | १०६००००००।०० | २०५१५२६।०० | १९।३५ |
| १३ | आन्तरिक श्रोत - बैंक मौज्दात | २४५७५४५४।०० | २४५७५४५४।०० | १००।०० |
| | **जम्मा** | **५४५४५४०५४।०** | **१४६७३३१५३।०** | २६ । ९० |

### आर्थिक वर्ष २०८०/०८१ को प्रथम चौमासिक क्षेत्रगत खर्च विवरण

| क्र.सं. | क्षेत्र/उप क्षेत्र | विनियोजन | खर्च | खर्च (%) |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ६,५३,७४,०००.०० | ४१,०८,२३५.०० | ६.२८ |
| २ | सामाजिक विकास | २६,५१,७४,१००.०० | ६,५६,११,३३२.५४ | २४.७४ |
| ३ | पूर्वाधार विकास | १०,८७,५८,३००.०० | २,१५,५९,७७९.०० | १९.८२ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | १,९२,२०,०००.०० | १३,६०,६८६.०० | ७.०८ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ८,६९,२७,६५४.०० | १,५०,७९,७२६.१४ | १७.३५ |
| | **कुल जम्मा** | **५४,५४,५४,०५४.००** | **१०,७७,१९,७५८.६८** | **१९.७४** |

| क्रस | बजेटको प्रकार | विनियोजित बजेट | खर्च भएको रकम | खर्च % |
|---|---|---|---|---|
| १ | प्रथम चौमासिक सम्म भएको जम्मा चालु खर्च | ३६३२४७७५४. | ८३९१७५२१.६८ | २३।१ |
| २ | प्रथम चौमासिक सम्म भएको जम्मा पूँजीगत खर्च | १८२२०६३००. | २३८०२२३७. | १३।०६ |
| | समग्रमा भएको जम्मा खर्च | ५४५४५४०५४. | १०७७१९७५८.६८ | १९।७५ |

## भौतिक पूर्वाधार विकास क्षेत्रमा भएका उपलब्धीहरु

- गाउँपालिकाले आन्तरिक लगानीमा सञ्चालन गरेको कालीगण्डकी अस्पतालमा सेवा ग्राहीको बढ्दो चाप र आधुनिक तथा गुणस्तरीय स्वास्थ्यमा नागरिकको सहज पहुचको लागि आवश्यक पूर्वाधार निर्माण कार्यको लागि २०७९/०७/१७ गते रु २१,५७,६८,५७२ मा सुविधा सम्पन्न भवन निर्माणको सम्झौता भई कार्य सुरु गरीएकोमा २०८० कार्तिक मसान्त सम्म भौतिक प्रगती १२ प्रतिशत र वित्तिय प्रगति ८ प्रतिशत भएको छ।
- साना तथा ठूला सवारी साधनहरु सहजरुपमा सञ्चालन हुने गरी ग्रामिण तथा कृषि सडकहरुको स्तरोन्नती, नाली निर्माण, ग्राभेल र कालोपत्रे गरिएको छ भने विभिन्न कारणले अवरोध भएका सडकहरुको सरसफाई तथा मर्मत निरन्तर गर्ने गरिएकोछ।
- आ.व. २०८०/८१ को पहिलो चौमासिकमा तीन वटा सडक आयोजनाहरु छाप दब्छे पोखरडाँडा सुलसुले सडकको पहिलो खण्डमा ३ किमीमा कालोपत्रे तथा सडक संरचना संरक्षण निर्माण गरिएको छ। हटिया रानीघाट सडकको पहिलो खण्ड अन्तर्गत २ किमी सडक स्तरोन्नती गरिएकोछ र हटिया चिउरीबोट सडकको २ किमी सडक स्तरोन्नती गर्ने कार्य सम्पन्न भई अन्तिम बिलसमेत भुक्तानी भएको छ।
- छाप दब्छे पोखरडाँडा सुलसुले सडकको दोस्रो खण्डमा २ किमी सडक संरचना निर्माण भएकोछ र ५० प्रतिशत भौतिक र वित्तिय प्रगती भएको छ।
- गहलाम घरिपोखरा झाँगेदेउराली सडकको भौतिक तथा वित्तीय प्रगती ८० प्रतिशत भएको छ। जसमा १८०० मि. बाटोको स्तरोन्नती गरीएकोछ।
- आ.व. २०८०/८१ को प्रथम चौमासिकमा हटिया रानीघाट सडकको दोस्रो खण्ड, छाप दब्छे पोखरडाँडाँ सुलसुले सडकको तेस्रो खण्ड, जैपते लिहाक इमसिल बारीचौर सडकको प्रथम र

दोस्रो खण्ड, बेल्टारी भित्री सडक तथा लिहाक सडक ढलान, रुद्रवेणी ठाटीभञ्ज्याङ सडक गरी छ वटा सडक आयोजनाहरुको विद्युतीय बोलपत्र आह्वान गरि ठेक्का सम्झौता भई निर्माण कार्य भईरेहकोछ।

- भवन निर्माण कार्य भैरहेका बहुवर्षिय योजनाहरुमा ३ नं वडा कार्यालय भवन र वैघा स्वास्थ्य चौकी भवनको आ.व. २०८०/८१ को प्रथम चौमासिक सम्म क्रमश ५० र ५४ प्रतिशत वित्तिय तथा भौतिक प्रगती भएकोछ।
- वडा नं ४ को वडा कार्यालय घेराबार, औद्योगिक ग्रामको आवश्यक पूर्वाधार अन्तर्गत ट्रस निर्माणका लागि विद्युतीय बोलपत्र आह्वान गरि ठेक्का सम्झौता भएकोछ।
- सिँचाई पूर्वाधार तर्फ टंलहेवा लिफ्टिङ सिँचाई र प्यूघा लिफ्टिङ सिँचाई आयोजना निर्माण कार्य भैरहेको र उक्त आयोजनाको क्रमश १७.५२ र ३७.४४ प्रतिशत वित्तिय प्रगती भएको छ। भने चालु आ.व.को प्रथम चौमासिकमा बारीचौर लिफ्टिङ् र मिर्मी फाँट लिफ्टिङ् सिँचाई आयोजनाको विद्युतीय बोलपत्र आह्वन गरी ठेक्का मूल्याङ्कनको चरणमा रहेकोछ।
- यस गाउँपालिकाबाट आ.व. २०८०/८१ मा सात वटा वडाहरुमा २१७ वटा वडाका योजनाहरुमा बजेट विनियोजन गरिएकोमा प्रथम चौमासिकमा १५२ वटा योजनाहरुको उपभोक्ता समितिहरुसँग सम्झौता भएकोमा ७१ वटा योजनाहरु सम्पन्न भई भुक्तानीका लागि सिफारिस गरिएकोमा ५७ वटा योजनाको उपभोक्ता समितिहरुले भुक्तानी लिएका छन्।

प्रथम चौमासिकसम्म वडा योजनाहरुको भुक्तानी विवरण तपसिल बमोजिम छन्।

| वडा नं. | वडास्तरीय सम्पन्न योजना संख्या |
|---|---|
| १ नं वडा | १४ |
| २ नं वडा | १० |
| ३ नं वडा | ५ |
| ४ नं वडा | १३ |
| ५ नं वडा | ४ |
| ६ नं वडा | ० |
| ७ नं वडा | ११ |
| जम्मा | ५७ |

## आर्थिक विकासका क्षेत्रमा भएका मुख्य उपलब्धीहरु

### कृषि तथा पशु

- कालीगण्डकी गाउँपालिका भित्रका ७ ओटै वडामा रू. २ लाख ३० हजार लागतमा कार्तिक मसान्तसम्म हिउदे तरकारी बाली अन्तर्गत काउली, बन्दा, ब्रोकाउलीको नर्सरी स्थापना गरी ३५० घरधुरीमा करिब १ लाख ५० हजार बेर्ना वितरण गरिएको र उक्त कार्यक्रमबाट ताजा तरकारी उत्पादन, घरमा करेशाबारी निर्माण र अर्गानिक उत्पादन उपभोगमा सकारात्मक भूमिका खेलेको छ।
- कालीगण्डकी गाउँपालिकाले शसर्त अनुदानबाट रू ४,८१,४४९ खर्च गरी, डेसिस सिस्टममा आवद्ध रही २०८० कार्तिक महिनामा सबै वडाका ४१५ कृषकहरुलाई ५८०० किलोग्राम गहुँ वितरण गरिएकोछ।
- आ व २०७८/७९ मा ५ रोपनी जग्गा लिजमा लिई सुरुवात गरिएको व्यवसायिक सयपत्री फूलखेती आ.व. २०८०/८१ मा गाउँपालिका, किसान र विद्यालयले आफ्नो ६० रोपनी क्षेत्रफल जग्गामा सयपत्री फूल खेति गरिएकोछ। १६ कृषक तथा समुहलाई नगद तथा सामाग्री अनुदान, प्राविधिक सहयोग र बजारीकरणमा गाउँपालिकाको सहयोग तथा सहजीकरण गरेकोछ। तिहारको बेला करीव २५ लाखको फूलमाला बिक्रि भएकोमा तिहार पश्चात पनि बिक्रीवितरणमा गाउँपालिकाले सघाएको र अहिले पनि बिक्रीवितरण भैरहेकोछ।
- गाउँपालिकाको ड्रागन फ्रुट बगैचाबाट प्रथम चौमासिकसम्म रु १,३७,९९०/- बराबरको ड्रागन फ्रुट फल तथा बेर्ना विक्री वितरण गरीएकोछ।
- लम्पी स्किन रोग बाट बचाउन खोप अभियान सञ्चालन गरिएको, साना ठूला गरी ३८० पशुमा मास भ्याकसिनेसन गरिएको, ६०० वटा किम्बुको विरुवा वितरण गरिएकोछ। प्रथम चौमासिक सम्म ३८० कृषकहरुलाई पशु सेवा प्रदान गरिएकोछ।

### रोजगार सेवा केन्द्र

- कालीगण्डकी गाउँपालिकाको रोजगार सेवा केन्द्रमा सूचिकृत ७४२ जना बेरोजगार युवाहरु मध्ये आ.व. २०८०/८१ को प्रथम चौमासिकसम्म ५० जना युवाहरुलाई रोजगार प्रदान गरिएकोछ।
- रोजगार सेवा केन्द्रबाट रु २५,०२,२४३/- लागत अनुमान गरिएका १० वटा आयोजनाहरु सम्झौता भई सञ्चालनमा रहेकोमा ६ वटा योजनाहरुको कार्यसम्पन्न भएकोछ।

लघु उद्यम विकास

- रोजगारीका अवसर सिर्जना गर्न, महिलाहरुलाई आर्थिक रुपमा सक्षम वनाउन, स्थानिय स्रोत साधनको प्रयोग गरी  गरिवि निवारण गर्न आव २०८०/८१ को प्रथम चौमासिक सम्म नयाँ लघु उद्यमि तर्फ वडा नं.६ र स्तरोन्ती तर्फ वडा नं.२ र ७ मा कार्यक्रम सञ्चालन भएकाछन् ।

## सामाजिक विकासका क्षेत्रमा भएका मुख्य उपलब्धी

### स्वास्थ्य

- गाउँपालिका भित्रका सम्पर्ण नागरिकहरुको स्वास्थ्यम बीमा कार्यक्रम अन्तर्गत प्रथम चौमासिकसम्म ३७७१ घर परिवारको नागरिक स्वास्थ्य बीमा गरिएको ।
- गाउँपालिकाले आन्तरिक लगानीमा सञ्चालन गरेको कालीगण्डकी अस्पतालबाट प्रथम चौमासिकसम्म ७६२२ जना र अन्य स्वास्थ्य चौकीहरुबाट ७९०० जना गरी जम्मा १५५२२ जना विरामीहरुले सेवा लिएकाछन् ।
- स्तनपान संरक्षण तथा सम्बर्धन सप्ताह सञ्चालन सम्बन्धी कार्यक्रम सञ्चालन गरिएको ।
- पोषणमैत्री कार्यक्रम अन्तर्गत महिला शिक्षकहरलाई पोषण तथा प्रजन्न स्वास्थ्य सम्बन्धी अन्तक्रिया अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिएको ।
- नसर्ने रोग तथा विभिन्न दिवसहरु अन्तर्गतको रेबिज दिवसको असवरमा जुनोटिक तथा रेबिज सम्बन्धी स्वास्थ्यकर्मी र शिक्षकहरुलाई अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिएको ।
- गाउँपालिकाभित्रका सरोकारवालाहरुलाई पोषण उन्मुख नमुना बस्तीको अवधारणा तथा बहुक्षेत्रीय पोषण योजना सम्बन्धी अभिमुखिकरण र कार्ययोजना निर्माण कार्यक्रम सञ्चालन गरिएको ।
- गाउँपालिकाका स्वास्थ्य चौकीमा नि:शुल्क वितरणको लागि औषधी खरिद गरिएको ।
- घर घरमा स्वास्थ्य परीक्षण कार्यक्रम अन्तर्गत LAB BAG को माध्यमबाट स्वास्थ्य कर्मी घरमै गएर ल्याब परिक्षण गर्ने गरिएको ।

### शैक्षिक विकास तथा सुधार

- रुम टू रिडको सहकार्यमा साक्षरता शिक्षा कार्यक्रम सञ्चालन/ दुई चरणमा गरि ५० जना शिक्षकहरुलाई पठन सिप तथा पुस्तकालय व्यवस्थापन तालिम सम्पन्न भएको ।
- शसर्त अनुदान तर्फ ३ वटा विद्यालयहरुलाई इ लर्निङ्ग सहितको पुस्तक व्यवस्थापनका लागि र २ वटा विद्यालयहरुलाई विज्ञान प्रयोगशाला स्थापनाका लागि छनौट गरिएको -प्रतिविद्यालय रु. ६ लाख ५० हजार दरले ।

- राष्ट्रपति रनिङ्ग शिल्ड सम्पन्न भएको र जिल्ला स्तरिय राष्ट्रपति रनिङ्ग शिल्ड मा मुख्य तथा समूह मा खेलिने खेलहरु महिला तथा पूरुष भलिबल /कपर्दि आदिमा उत्कृष्ट प्रदर्शनका साथ प्रथम स्थान हासिल गर्न सफल भएको  तथा प्रदेश स्तरिय खेलका लागि समेत खेलाडिहरु छनौट हुन सफल भएका ।
- विद्यालयमा दिइने अनुदान तथा निकासाहरु समयमै निकास हुने गरेको ।
- सबै विद्यालयहमा इन्टरनेटको पहुँच पुगेको तथा विद्युतिय हाजिरिलाई नियमिता दिने काम भैरहेको ।

## खानेपानी

- आ.व. २०७९/८० सम्म गाउँपालिका भित्रका ४२६२ घरधुरीमा एक घर एक धारा जडान गरिएको छ भने चालु आ.व.को प्रथम चौमासिकसम्म खानेपानीका आयोजनाहरुको रु ६२,०६,१०१/-  मा ४ वटा योजनाको लागत अनुमान गरि सञ्चालनको सम्झौता गरिएकोमा १ वटा खानेपानी आयोजनाको काम सम्पन्न भएको छ।

## सामाजिक, महिला तथा बालबालिका विकास

- कालीगण्डकी गाउँपालिकामा लैङ्गिक तथा समाजिक विभेद तथा वन्चितिकरणमा परेका नागरिकहरुको आर्थिक, सामाजिक सशक्तिकरण, नेतृत्व तथा क्षमता विकास,  सुसुचित तथा हिंसा रहित समाजको निर्माणमा सहयोग पुर्याउने उद्देश्यले  ३३ औ अन्तराष्ट्रिय ज्येष्ठ नागरीक दिवसको अवसरमा  सम्मान तथा स्वास्थ्य परीक्षण कार्यक्रम, ३२ औ अन्तराष्ट्रिय अपांगता दिवस , नेतृत्व विकास सम्वन्धी अन्तरर्क्रिया कार्यक्रम, लैगिंक हिंसा विरुद्धको १६ दिने अभियान कार्यक्रमहरु सञ्चालन गरिएकोछ।
- अपाङ्गता परिचय पत्रमा ख वर्गको निलो कार्ड ७ वटा र ग वर्गको पहेलो कार्ड २ वटा वितरण गरिएको छ।
- न्यायिक समितिको बैठक २ वटा बैठक बसिएको छ।

## नविकरणीय उर्जा

- गाउँपालिकाका सम्पूर्ण घरधुरीहरुको न्यूनतम २० युनिट सम्मको बिजुलीको महसुल पालिकाद्वारा पुष मसान्तसम्मको भुक्तानी गरिकोछ।
- आ.व. २०८०/८१ को प्रथम चौमासिक सम्म १२८ वटा विद्युतीय चुलो वितरण गरिएकोछ भने आ.व. २०७९/८० मा १७४ गरी  हालसम्म जम्मा  ३०२ वटा विद्युतीय चुलो वितरण गरिएकोछ।